# पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा

## पोखरा-१०, रामघाट

# त्रैमासिक बुलेटिन

बर्ष ६ , अंक १९

## पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा : एक परिचय

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा सन् २००० मा स्थापना भएको एक गैरनाफामुखी गैरसरकारी संस्था हो । यस संस्था जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत दर्ता भई समाज कल्याण परिषद्, काठमाण्डौंमा पनि आबद्ध छ । हाल संस्थाको मुख्य कार्यालय पोखरा महानगरपालिका वडा नं. १०, रामघाटमा रहेको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंग साझेदारी गरि गरीब तथा सीमान्तकृत समुदायको जीवनस्तरलाई माथी उकास्न सहयोग गर्ने उद्देश्यका साथ यस संस्थाको स्थापना भएको हो । संस्थाले हाल जीविकोपार्जनका लागि गरिने पशुपालनसंग सम्बन्धित रहेर लक्षित वर्गको हितको लागि काम गरिरहेको छ ।

संस्थाको मुख्य कार्यक्रमको रुपमा पशुपालन सम्बन्धि विभिन्न तालिमहरु रहेका छन् । त्यसका अतिरिक्त अश्व प्रजातिका पशुहरु (घोडा, खच्चड र गधा) को कल्याणकारी परियोजना पनि यस संस्थाले संचालन गरिरहेको छ ।

यस अंक भित्र :


यस त्रैमासिकका मुख्य मुख्य उपलव्धिहरु :

जुनोटिक र उदीयमान रोगहरू बारे सरकारी सरोकार वालाहरूसँग एकदिवसीय कार्यशाला आयोजना — २

स्थानीय पशु स्वास्थ्य प्राविधिकहरुलाई अश्व व्यवहार, स्वास्थ्य तथा व्यवस्थापन सम्वन्धि ३दिने पुनताजकी तालिम सम्पन्न — २

अश्वपालक समुदायलाइ स्थानीय सरकारको कृषि तथा पशुपन्छीसम्वन्धित सवा सुविधा वारे अभिमुखिकरण कार्यक्रम — ३

अश्वपालक समुदायलाइ स्थानीय सरकारको कृषि तथा पशुपन्छीसम्वन्धित सेवा सुविधावारे — ४

४


## आर्वा स्रोत केन्द्रबारे जानकारी

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा पोखरा महानगरपालिका वडा नं. १३ मा पर्यावरण मैत्री, व्यवहारीक तालिम केन्द्रका रुपमा "आर्वा स्रोत केन्द्र" स्थापना गरेको छ । करिब ४४ रोपनी क्षेत्रफलमा फैलिएको यस केन्द्रको स्थापना शान्त तथा स्वस्थकर वातावरणमा तालिम संचालन गर्ने उद्देश्यले गरिएको हो । यो तालिम केन्द्र पोखराबाट पूर्व-उत्तर दिशामा लगभग ७ किलोमिटरको दुरीमा अवस्थित छ । यस केन्द्रमा एकपटकमा ३० जना व्यक्तिलाई खान बस्नको लागि उचित व्यवस्था छ । साथै यस केन्द्र फरक क्षमता, अपाङ्गता भएका व्यक्ति मैत्री रहेको छ । यो तालिम केन्द्र अन्य संघसंस्थालाई तालिम तथा सभा संचालनका लागि भाडामा दिन मिल्ने व्यवस्था पनि छ । यस केन्द्रमा आवतजावतका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको पूर्वपट्टिको गेटबाट कसेरी सम्म चल्ने सार्वजनिक बस समेत प्रयोग गर्न सकिन्छ । कसेरीबाट केन्द्रसम्म पुग्नको लागि मोटरबाटो पनि रहेको छ साथै १५ मिनेटको पैदल यात्रा पछि यस केन्द्रमा पुग्न सकिन्छ ।





BROOKE
ACTION FOR WORKING HORSES AND DONKEYS

"परिवर्तनको लागि सहयोग"

## जुनोटिक र उदीयमान रोगहरू बारे सरकारी सरोकारवालाहरूसँग एकदिवसीय कार्यशाला आयोजना

पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाले भक्तपुरमा जुनोटिक र उदीयमान रोग सम्बन्धी एकदिने सचेतना कार्यशाला सफलतापूर्वक आयोजना गरेको छ । यस्ता गम्भीर प्रकृतिका स्वास्थ्य सरोकारका सम्बन्धमा सरोकारवालाहरूबीच सचेतना र सहकार्य बढाउने उद्देश्यले १३ सरकारी अधिकारीहरूको सहभागिता रहेको कार्यक्रमको सहजीकरण पशु चिकित्षक नवराज श्रेष्ठले गर्नु भएको थियो ।



कार्यशालामा सहभागीहरूलाई जुनोटिक र उदीयमान रोगहरू, नेपाल सरकारले प्राथमिकतामा राखेका जुनोटिक रोग तथा तिनको वर्तमान अवस्था, समुदायमा जुनोटिक रोगहरूको सामाजिक-आर्थिक प्रभावको खोजी र प्रभावकारी रोकथाम र नियन्त्रणका उपायहरू वारे जानकारी गराउनुका साथै छलफल गरिएको थियो। नेपालमा ग्ल्यान्डर्स रोगको हालको स्थिति, व्यापकता र वितरणको बारेमा जानकारी प्रदान गरिएको थियो । साथै यस्ता प्रकृतिका रोगहरुको उचित रोकथाम तथा नियन्त्रणमा विभिन्न तहका सरकारहरूको भूमिका र भविष्यका प्रकोपहरूको सामना गर्न समन्वयात्मक प्रयासहरूका विषयमा समेत विचारबिमर्श गरिएको थियो।

## स्थानीय पशु स्वास्थ्य प्राविधिकहरुलाई अश्व व्यवहार, स्वास्थ्य तथा व्यवस्थापन सम्वन्धि ३ दिने पुनर्ताजकी तालिम सम्पन्न



स्थानीय पशु स्वास्थ्य प्राविधिकहरुको अश्व (घोडा खच्चर) अभ्यासमा ज्ञान तथा सिप अभिवृद्धि गरि घोडा खच्चरलाई गुणस्तरीय उपचार सेवा विस्तारका हेतुले यस पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाले दाङ्ग जिल्लामा रहेका स्थानीय पशु स्वास्थ्य प्राविधिकलाई लक्षित गरि तीन दिने तालिमको सम्पन्न गरेको छ। ११ जना सहभागी रहेको उक्त तालिममा पशु कल्याण, अश्व प्रजातिको व्यवहार, नियन्त्रण विधी, स्वास्थ्य परिक्षण, रोग पहिचान तथा व्यवस्थापन लगायत विषयमा सहभागीहरुलाई सैद्धान्तिक तथा व्यवहारिक सत्रमार्फत संस्थामा कार्यरत पशु चिकित्षक डा. उमेश शर्मा र डा. अभिनव जि.सी.ले उक्त कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । तालिम पश्चात सहभागीहरुलाई आधारभूत उपचार सामग्री समेत वितरण गरिएको थियो ।

## अश्वपालक समुदायलाई स्थानीय सरकारको कृषि तथा पशुपन्छीसम्वन्धित सेवा सुविधावारे अभिमुखिकरण कार्यक्रम

स्थानीय तहबाट उपलब्ध गराइने विभिन्न सेवा तथा अनुदानमा समुदायलाई सचेत गराउने उद्देश्यले पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाले बाँकेको जानकी गाउँपालिकामा उपलब्ध स्थानीय सेवामा घोडाधनीलाई लक्षित गरि १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । १७ जना अश्वपालक कृषकहरुहरुको सहभागिता रहेको कार्यक्रममा जानकी गाउँपालिका पशु सेवा शाखाका प्रमुखले सहजीकरण गर्नुभएको थियो ।



स्थानीय सरकारको वार्षिक कार्यक्रममा समेटिएका विभिन्न कृषि तथा पशुपालन केन्द्रित योजना तथा कार्यक्रमहरु जस्तै पशु चारा सहयोग, सरकारी अनुदानमा कृषि सामग्री वितरण कार्यक्रम, पशु बीमा योजना, विभिन्न जीविकोपार्जन तथा आय आर्जन सम्बन्धि तालिम लगायतका बारेमा किसानहरुलाई जानकारी गराइएको थियो । पशु सेवा शाखाका प्रमुखले यस्ता कार्यक्रम तथा योजनाहरुले सम्वन्धित समुदायकोजीविकोपार्जनमा सहयोग पुग्ने बताउदै निर्धारित सेवा र सुविधाहरुको न्यायोचित वितरण गरिने आश्वासन समेत दिनु भयो।

## पशु स्वास्थ्य तथा पशु कल्याणमा योगदान पुर्याउने सरोकारवाला निकायहरु सम्मानित

कामकाजी अश्व प्रजातिका पशु (घोडा, खच्चर) को स्वास्थ्य तथा कल्याण प्रवर्धनमा उल्लेखनीय योगदान पुर्याउने विभिन्न संवन्धित निकायहरुलाई पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा, पोखराले सम्मान गरेको छ । संस्थाद्वारा Brooke Uk को आर्थिक सहयोगमा सन् २००७ देखि देशभरका विभिन्न जिल्लाहरुमा संचालनमा रहेको दिगो अश्व कल्याणकारी परियोजनासंग आवद्ध रहेर पशु स्वास्थ्य तथा पशु कल्याणमा निरन्तर लागि परेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्ग ,पशु सेवा शाखा, घोराही , पशु सेवा शाखा तुलसीपुर, पशु सेवा केन्द्र, फचकपुर, घोराही वडा न. २ र १५ तथा देउखुरी ईट्टा उद्योग व्यवसायी संघ, दाङ्गलाई सम्मान स्वरुप कदर पत्र प्रदान गरिएको थियो। उक्त कार्यक्रममा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्गका प्रमुख श्री सुदाम भट्टले परियोजना कार्यन्या'न भएसंगै भारवहन घोडा खच्चर को स्वास्थ्य तथा कल्याणमा उल्लेखनीय सुधार आएको र संस्था कामप्रति सकारात्मक रहेको तथा सदैब साथ र सहयोगको प्रतिवद्धता जाहेर गर्नुभएको थियो ।



## ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम र आधारभुत कृषि तालिम सम्पन्न

ग्रामीण क्षेत्र जहाँ अझैपनि दक्ष पशु तथा कृषि प्राबिधिकहरुको उपलब्धतामा कमी छ त्यहाँ ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तथा कृषि प्राबिधिक उत्पादन गरि त्यस क्षेत्रमा पशुसम्बन्धि रोगहरु, स्वास्थ्य समस्याको निदान, उपचार र नियन्त्रण, युवाहरुलाई व्यबसायिक पशुपालनमा तथा कृषिमा आकर्षित गर्नेसाथै कृषि समस्याको हल गर्न सक्षम बनाउने उद्देश्य राखि पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाद्धारा पोखरा महानगरपालिकाको आर्वामा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम सम्पन्न गरिएको छ । पशु स्वास्थ्य तालिम तथा परामर्श सेवाको आयोजना, हिफर ईन्टरनेशनल नेपाल, लिंक्स कन्सल्टिंग प्रा लि , पोखरा र विभिन्न स्थानिय निकायसंगको सहकार्य तथा आर्थिक सहयोगमा तालिम सम्पन्न भएको छ । तलिममा दाङ्ग, प्यूठान, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कंचनपुर,पाल्पा, सर्लाही र कपिलवस्तुबाट महिला १४ र पुरुष ३१ जना गरी जम्मा ४५ जनाको सहभागीता रहेको थियो । कार्यक्रममा प्रशिक्षक डा. उमेश शर्मा र भरत पोखरेलद्धारा पशुपालनका चुनौती र अवसरहरु, पशुमा लाग्ने विभिन्न रोग तिनीहरुको प्राथामिक उपचार तथा रोकथाम, पशु ब्यबस्थापनका उपाय, पशु स्वास्थ्यको क्षेत्रमा युवाहरुको भुमिकाको बारेमा व्यबहारिक तथा सैद्धान्तिक तालिम प्रशिक्षण गरिएको थियो । साथै प्रशिक्षार्थीको व्यवहारीक सीप अभिवृद्धि गर्न १ हप्ताको शिविर संचालन गरिएको थियो जसबाट करिब ३५४ पशुहरु लाभान्वित भएका थिए र प्रशिक्षार्थीलाई ४५ वटा किट बक्स पनि बितरण गरिएको थियो । साथै कृषितर्फ नेष्ट नेपालको संयोजकत्वमा तरकारी नर्सरी, फलफुल खेति, टनेल निर्माण सम्बन्धी तालिम प्रशिक्षण गरिएको थियो । उक्त तालिममा गण्डकी प्रदेश पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. मन बहादुर पुन, पशु सेवा तालिम केन्द्र पोखराका बरिष्ठ तालिम अधिकृत डा. सोभा शर्मा, भुमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय योजना महाशाखा प्रमुख डा. गृष्म न्यौपानेद्धारा तालिमको अनुगमन गरिएको थियो ।






## अश्व कल्याणमैत्री अभ्यास अवलम्वन गरेका घोडा-खच्चरपालक कृषकहरुलाई प्रत्सोहन कार्यक्रम

पशु स्वास्थ्य तालिम तहत परामर्श सेवाले बाँके जिल्लामा अश्वकल्याणमैत्री अभ्यास अवलम्वन गरेका कृषकहरुलाई प्रत्सोसन स्वरुप सम्मान तथा पुरस्कृत गरेको छ । उक्त कार्यक्रममा २५ जना जना घोडा-खच्चरपालक कृषकहरु लाई पशुहरुमा दैनिक उपयोग हुने सामग्री (बाल्टी, जग, कुचो, हुफ पीक) तथा घोडाको आहारा (१२५ किलो भेली र ५० किलो चना) वितरण गरेको छ ।




**पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा**
प्रधान कार्यालयः पोखरा-१०, रामघाट पोष्ट बक्स नं ४१९ फोन नं : ०६१-५७६४५५, ५८५८०७
ईमेल : info@ahtcs.org.np, वेबसाइट : www.ahtcs.org.np फेसबुक पेज : www.facebook.com/ahtcspokhara